मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## योग शिविर सम्पन्न

हेटौंडा, ७ जेठ/हेटौंडा उपमहानगरपालिका-४ हुप्रचौरमा जेठ ३ गतेदेखि सञ्चालन भएको बृहत् योग शिविर बिहिबार सम्पन्न भएको छ । पतञ्जलि योग महिला समितिको आयोजनामा सञ्चालन गरिएको शिविरको समापन बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । शिविरमा केन्द्रीय महिला योग समितिकी अध्यक्ष साध्वी दिवादितिले योग प्रशिक्षण प्रदान गरेकी थिइन् । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, बागमती प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, पतञ्जलि योग समिति मकवानपुरका अध्यक्ष रामकृष्ण थापा तथा महिला योग समितिकी अध्यक्ष शशिकला थापालगायतको सहभागिता रहेको थियो । समापन कार्यक्रममा मुख्यमन्त्री बानियाँले सबैभन्दा पहिले आफ्नो स्वास्थ्यप्रति सचेत हुनुपर्ने बताए । उनले तन र मन स्वस्थ भए जीवनका हरेक काम सहजरुपमा सम्पन्न गर्न सकिने उल्लेख गर्दै योगलाई दैनिक जीवनसँग जोड्न आग्रह गरे । आयोजकका अनुसार शिविरमा हजारौं व्यक्तिको सहभागिता रहेको थियो ।

### वित्तीय व्यवस्थापन गर्नु प्रदेश सरकारको ठुलो चुनौती: मन्त्री तामाङ

# माध्यमिक तहको पाठ्यक्रममा एआई समावेश गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेश सरकारलाई वित्तीय व्यवस्थापन सबैभन्दा ठुलो चुनौती रहेको बताएका छन् ।

अन्य प्रदेशको तुलनामा बागमती प्रदेशलाई वित्तीय व्यवस्थापन सहज नरहेको उनको धारणा छ । प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिको आयोजनामा बिहिबार हेटौंडामा भएको पूर्वबजेट छलफलमा मन्त्री तामाङले तीन वटै तहको सरकारको तुलनामा प्रदेश सरकारको पुँजीगत खर्चको अवस्था राम्रो देखिएको जिकिर गरे । यद्यपि, प्रतिफल आउने गरी पुँजीगत खर्च हुन नसकेको उनको बुझाई छ । मन्त्री तामाङले आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित बनाउने गृहकार्य सुरु भएको जानकारी दिए । पुँजीगततर्फ बढी बजेट विनियोजन गर्न प्रदेश सरकारले मन्त्रालयको संख्या १४ बाट घटाएर ८ वटा बनाउने निणय गरेको उनले बताए ।

मन्त्री तामाङले चालुखर्च तर्फ करिब ३० प्रतिशत बजेट घटाउने सरकारको लक्ष्य रहेको उल्लेख गरे । उनका अनुसार मन्त्रालयको संख्या कटौती हुँदा ५० वटा कार्यालय मर्ज हुने र साढे २ अर्ब रकम जोगिनेछ । मन्त्री तामाङले एआई शिक्षालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । माध्यमिक तह र प्रदेश सरकारअन्तर्गतको ६ वटा आंगिक क्याम्पसमा एआई शिक्षाको पाठ्यक्रम समावेश गर्ने तयारी भइरहेको उनले बताए । मन्त्री तामाङले बजार र समयको माग अनुसारको कार्यक्रमलाई आगामी बजटेमा समेट्ने सोच सर कारको रहेको बताएका छन् ।

मन्त्री तामाङले संघीय कानुनसँग बाझिएको कारण मदिराजन्य उद्योगलाई लाइसेन्स दिन कठिनाई भएको बताए । कानुनी जटिलतालाई फुकाउन प्रदेश सरकार संघ सरकारसँग निरन्तर छलफलमा रहेको उनले जानकारी दिए । ५० करोड भन्दा कमका उद्योगहरु दर्ता र नियमन गर्न पाउने प्रदेशको अधिकारलाई संघीय सरकारले हस्तक्षेप गर्न खोजेको भन्दै उनले असन्तुष्टि जनाए । मन्त्री तामाङले सरकारले नियम कानुन भन्दा बाहिर गएर अपरिपक्क निर्णय गर्दा काम गर्न असहज हुने बताए ।

संघीय संरचना आएसँगै प्रदेश सरकारले पूर्वाधारको क्षेत्रमा धेरै काम गरिसकेको दाबी गर्दै मन्त्री तामाङले अहिले सडकको स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको बताए । प्रदेशअन्तर्गतको १ सय १९ वटै पालिकामा सडक सञ्जाल नपुगेको ठाउँ कतै नरहेको उनले जिकिर गरे । मन्त्री तामाङले प्रादेशिक सडक ऐनको आधारमा काम गर्नुपर्नेमा जोड दिए । अर्थ तथा विकास समितिका सभापति नुरज बज्राचार्यको सभाध्यक्षतामा भएको कार्यक्रममा उपसभामुख अप्सरा चापागाई लगायत विभिन्न सरोकारवाला निकायको उपस्थिति रहेको थियो ।

**आगामी वर्षका लागि ४९ अर्ब रूपैयाा बराबरको बजेट सिलिङ निर्धारण**

आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी वर्षका लागि कुल ४९ अर्ब रुपैयाँ बराबरको बजेट सिलिङ (सीमा) निर्धारण गर्दै मन्त्रालयलाई योजना छनोट गर्न



पत्राचार गरेको छ । मन्त्रालयले चैत पहिलो सातामै बजेट सिलिङ पाउनुपर्ने आयोजना छनोट निर्देशिकाको व्यवस्था भएपनि विभिन्न प्राविधिक कारणले जेठ पहिलो सातामा सिलिङ वितरण गरेको हो । मन्त्री प्रभात तामाङका अनुसार सरकारले सोमबार नै सबै मन्त्रालयलाई सिलिङ पठाइएको छ । पहिलो चरणको सिलिङ गतवर्षकाने तुलनामा कम रहेको उनले बताए ।

सरकारले आगामी साउनदेखि मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा झार्ने निर्णय गरिसके पनि हाल कायम रहेका १४ वटै मन्त्रालयलाई बजेट सिलिङ वितरण गरिएको छ । साउनदेखि बजेट कार्यान्वयनको चरणमा जाँदा ती कार्यक्रमलाई नयाँ संरचनाअनुसार मर्जर गर्ने गरी साविककै मन्त्रालयलाई बजेटको सीमा पठाइएको हो । खारेज वा गभिएका मन्त्रालयलाई पनि सिलिङ वितरण गरिएको छ । साउनबाट बजेट कार्यान्वयनमा जाँदा बजेट कार्यक्रम पनि मर्जर गर्नेगरी सिलिङ वितरण गरिएको छ । प्रदश सरकारले गत वैशाखमा बसेको बैठकले घटाएर ८ वटा मन्त्रालय कायम गर्ने निर्णय गरेको थियो ।

निर्णयानुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मालिमा कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा सामाजिक मन्त्रालय, कृषि वन तथा पशुपन्छी विकास मन्त्रालय कामय रहनेछन् । सोही अनुसार बजेट कार्यक्रम पनि मर्जर गरेर कार्यान्वयनमा अघि बढ्ने् सरकारको योजना छ । सरकारले प्रदेश मातहतको कार्यालयको पनि ओएन्डएममार्फत् पुनर्गठनको तयारी गरेको छ । सरकारले विभिन्न निर्देशनालय तथा कार्यालय मर्जर गर्न ओएन्डएममार्फत तयारी गरेको भए पनि ठोस निर्णय आउन सककौ छैन ।

प्रदेश सरकारले हाल सबै कार्यालयलाईँ सिलिङ दिएर बजेट कार्यक्रम ल्याउने र पछि मर्जर गर्ने तयारी गरेको छ । अर्थले वितरण गरेको बजेट सिलिङअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा ठुलो हिस्सा ओगटेको छ । सडक, पुल र भवन निर्माणजस्ता ठुला आयोजनाका कारण भौतिक मन्त्रालयलाई ९ अर्ब ६४ करोड रुपैयाँको सिलिङ दिइएको छ । दोस्रोमा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ४ अर्ब ४५ करोड रुपैयाँ प्राप्त गरेको छ । सबैभन्दा कम बजेट सिलिङ सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई १२ करोड रुपैयाँ मात्र तोकिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लागि ४७ करोड २८ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि १८ करोड ११ लाख, सामाजिक विकास मन्त्रालयको लागि ७० करोड ४८ लाख, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लागि १ अर्ब ३८ करोड, स्वास्थ्य मन्त्रालयको लागि २ अर्ब ६२ करोड, श्रम, रोजगार तथा यातायात मन्त्रालयको लागि ४७ करोड, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको लागि ४१ करोड, संस्कृति तथा पर्यटन मन्त्रालयको लागि ९२ करोड १८ लाख, वन तथा वातावरण मन्त्रालयको लागि २ अर्ब २२ करोड, युवा तथा खेलकुद मन्त्रालयको लागि ७४ करोड र मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको लागि १४ करोड ३२ लाख बजेट सिलिङ तोकिएको छ ।

## हेटौंडामा पहिलोपटक 'नेवाः फुड फेस्टिवल' हुने




साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/नेवार समुदायको कला, संस्कृति, परम्परा तथा खानपानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले हेटौंडामा पहिलोपटक 'नेवाः फुड फेस्टिवल तथा विविध सांस्कृतिक कार्यक्रम २०८३' हुने भएको छ ।

हेटौंडा उपमहानगर पालिका-२ को कार्यालयको सहयोग तथा नेवाः फुड फेस्टिवल सञ्चालन समिति हेटौंडा-२ को आयोजनामा जेठ १५, १६ र १७ गते तीन दिनसम्म कार्यक्रम सञ्चालन हुने भएको हो । फेस्टिवलसम्बन्धी जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा समितिका अध्यक्ष अनिल शाहीले नेवार समुदायको मौलिक संस्कृति, परम्परा तथा खानपानको संरक्षण र प्रवर्द्धन गर्न कार्यक्रम आयोजना गरिएको बताएका छन् । हेटौंडा-२ स्थित सांगमचोकमा सञ्चालन हुने फेस्टिवलमा नेवार समुदायका परम्परागत परिकार, भेषभूषा, गीत, संगीत तथा नृत्यसहित विविध सांस्कृतिक प्रस्तुति रहने आयोजकले जनाएको छ । कार्यक्रममा राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति रहनेछ ।

कार्यक्रमअन्तर्गत विभिन्न खानाका परिकारका स्टल राखिनेछन् भने अन्तिम दिन अर्थात् जेठ १७ गते 'टिपिकल सुखु भोज' आयोजना गरिने आयोजकले जनाएको छ । फेस्टिवल सञ्चालनका लागि स्टेज, साउण्ड सिस्टम, कलाकार खर्च, स्टल निर्माण तथा लाइट डेकोरेशन लगायतमा करिब ९ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । कुल खर्चमध्ये ४० प्रतिशत हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ र उपमहानगरपालिकाबाट तथा बाँकी रकम प्रायोजक र सहयोगीद्वारा व्यवस्थापन गरिने जनाइएको छ ।

कार्यक्रम हरेक दिन दिउँसो ३ बजेदेखि बेलुका ९ बजेसम्म सञ्चालन हुनेछ । पत्रकार सम्मेलनमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जनलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा वडाअध्यक्ष महर्जनले यस्ता सांस्कृतिक कार्यक्रमले स्थानीय कला, संस्कृति र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।






साझाकुरा

## हाम्रो कुरा

# बागमती प्रदेश: बढ्दै बेरुजुको चाङ

आफैंले बनाएको कानुन र सार्वजनिक खरिद ऐन विपरीत तथा रीत नपुऱ्याई खर्च गर्ने प्रदेशका मन्त्रालय र निकायको प्रवृत्तिले निरन्तरता पाउँदै गर्दा यस प्रदेशको कूल बेरुजु रकम भने वर्षेनी बढ्दो छ । महालेखापरीक्षकको कार्यालयले गरेको बागमती प्रदेशको मन्त्रालय तथा निकायको लेखापरीक्षण अनुसार यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ को बेरुजुरकम ८५ करोड १७ लाख ८२ हजार रुपैयाँ रहेकामा आर्थिक वर्ष २०८१/८२ को बेरुजुरकम ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँमा झरेको छ । तर, बजेटको प्रभावकारी कार्यान्वयनको अभाव, प्रदेशले आफैंले बनाएको कानुन र सार्वजनिक खरिद ऐन विपरीत तथा रीत नपुऱ्याई खर्च गर्ने प्रदेशका मन्त्रालय र निकायको प्रवृत्तिले निरन्तरता पाउँदा यस प्रदेशको कूल बेरुजु रकम भने वर्षेनी बढ्दो छ । महालेखापरीक्षकको कार्यालयले गरेको लेखापरीक्षणबाट हालसम्म कूल बेरुजु बढ्दै गएको तथ्यांक छ ।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ सम्ममा कुल बेरुजुरकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपैयाँ पुगेको उल्लेख छ । महालेखापरीक्षकको कार्यालयकाअनुसार आर्थिक वर्ष २०८०/८१ सम्ममा कुल बेरुजुरकम चार अर्ब ८६ करोड ८९ लाख ६६ हजार रुपैयाँ पुगेको थियो । आर्थिक वर्ष २०८१/८२ मा सम्परीक्षणपछि चार अर्ब ५८ करोड ६९ लाख रुपैयाँ कूल बेरुजु रहेकोमा सोही आर्थिक वर्षमा ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँ थपिएर कूल बेरुजुरकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपैयाँ पुगेको हो । महालेखापरीक्षकको ६१ औं प्रतिवेदनसम्म बागमती प्रदेशको कुल बेरुजुरकम चार अर्ब २८ करोड पाँच लाख ६१ हजार रुपैयाँ रहेकोमा आव २०८०/८१ मा ८५ करोड १७ लाख ८२ हजार रुपैयाँ थपिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा सातै प्रदेशमा सबैभन्दा बढी बेरुजु मधेश प्रदेश ३.७७ हुँदा सबैभन्दा कम बागमती प्रदेशका ०.८३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी बेरुजु मधेश प्रधेश २.१० हुँदा बागमती प्रदेशको ०.८९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ मा भन्दा आव २०८१/८२ मा बेरुजुरकम घटेपनि नियन्त्रणमा आउन सकेको छैन । वित्तीय अनुशासन कमजोर बन्दै गएकोले कूल बेरुजुरकम बढ्दै गएको हो । गत आर्थिक वर्षमा यस प्रदेशमा कूलखर्च ४६ अर्ब ४० करोड ३३ लाख ११ हजार रुपैयाँभएकोमा प्रदेश स्रोतबाट ७७.०६ प्रतिशत अर्थात् ३५ अर्ब ७५ करोड ८७ लाख १८ हजार रुपैयाँ खर्च भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । आन्तरिक स्रोतबाट बेहोरिने खर्चमा सातै प्रदेशमध्ये बागमती प्रदेशको सबैभन्दा बढी रहेको छ । आव २०८०/८१ मा प्रदेश स्रोतबाट ७४.३२ प्रतिशत खर्च भएको तथ्यांक छ । गत आर्थिक वर्षमा यस प्रदेशको राजस्व प्राप्ति अनुमान ३४ अर्ब ५८ करोड १५ लाख ९९ हजार रुपैयाँ गरिएकोमा अनुदान बाहेक राजस्व प्राप्ति ८२.३९ प्रतिशत अर्थात २८ अर्ब ४९ करोड एक लाख ७३ हजार रुपैयाँ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । यो अघिल्लो आर्थिक वर्षको भन्दा बढी हो ।

बजेट र कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकार कमजोर देखिएको छ । गत आर्थिक वर्षमा ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार बजेट रहेकोमा ७१.९० प्रतिशत अर्थात ४६ अर्ब ४० करोड ३३ लाख १० हजार रुपैयाँ खर्च भएको छ । यो खर्च प्रतिशतका आधारमा अघिल्लो आर्थिक वर्षको तुलनामा बढी हो । अघिल्लो आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार बजेट रहेकोमा ७०.९८ प्रतिशत अर्थात ४४ अर्ब ५१ करोड ३२ लाख तीन हजार रुपैयाँ खर्च भएको थियो । बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष बागमती प्रदेशको महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन २०८३ महालेखापरीक्षण कार्यालयका नायवमहालेखापरीक्षक घनश्याम काफ्लेले प्रतिवेदन पेस गरेका हुन् । गत आर्थिक वर्ष २०८१/८२ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरेर तयार पारिएको आठौं वार्षिक प्रतिवेदन २०८३ को प्रदेशप्रमुख सचिवालयमा पनि दर्ता गरिएको प्रदेशप्रमुख सचिवालयले जनाएको छ । बागमती प्रदेशको आर्थिक वर्ष २०८१/८२ को बेरुजु रकम आर्थिक वर्ष २०८०/८१ को तुलनामा घटेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ९ गते शनिबार २३ मे २०२६ । सप्तमी, जेठ शुक्लपक्ष । अनलाध्व ११४६ ने.सं. । सूर्योदय ५:१३ सूर्यास्त ६:४९। युगकवि सिद्धिचरण श्रेष्ठ जन्म-जयन्ति

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ नतिजा आउनेछ | तुला | : घरेलु समस्याले सताउनेछ |
| वृष | : दिन रमाइलो हुनेछ | वृश्चिक | : आफन्तले धोका दिन सक्नेछन् |
| मिथुन | : मन खिन्न हुनेछ | धनु | : मनमा उमङ्ग बढ्नेछ |
| कर्कट | : शरीरमा स्फुर्ती बढ्नेछ | मकर | : रमाइलो छोटो यात्रा हुनेछ |
| सिंह | : घरायसी मेलमिलाप हुनेछ | कुम्भ | : काम गर्ने आत्मबल बढ्नेछ |
| कन्या | : पढाइलेखाइमा सफलता मिल्नेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# कसको नीति, कसको कार्यक्रम ?



✍मनिकर कार्की

सरकारले राष्ट्रपति रामचन्द्र पौडेल मार्फत आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । तर, नीति तथा कार्यत्रम सार्वजनिक गर्दा बखतको संसद् बैठकको दृश्य भने निकै उदेकलाग्दो देखियो । राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बालेन्द्र शाह भने संसद्बाट बाहिरिए । प्रधानमन्त्रीको सो कदमले संसद् र राष्ट्रपति समेतको मानमर्दन गरेको भन्दै विपक्षी दलका सांसदहरूले संसद्मा आपत्ति प्रकट गरे भने सामाजिक सञ्जाल एवम् सञ्चार माध्यमहरूबाट समेत सो कदमको विरुद्ध कटाक्ष बर्सिएको थियो र यो उपक्रम अझै पनि जारी छ ।

नीति तथा कार्यक्रम सरकारको योजना हो । सरकारको घोषणा हो । राष्ट्रप्रमुखका नाताले राष्ट्रपतिले सो कार्यक्रमको वाचन गर्ने परम्परा रहेको हो । नीति कार्यक्रमप्रतिको स्वामित्वका लागि समेत कार्यक्रम प्रस्तुतिका क्रममा प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्दथ्यो । तर, प्रधानमन्त्रीको हल्का र अल्लारे शैलीले संसदीय मर्यादामा आँच त पुगेको छ नै, स्वयम् सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कसको हो ? भन्ने गम्भीर प्रश्न उत्पन्न गरि दिएको छ । यदि सरकारको नीति तथा कार्यक्रम हो भने सरकारप्रमुखले त्यसरी नजरअन्दाज गर्दै राष्ट्रपतिले वाचन गर्दैगर्दा बाँकटे हानेर बाहिरिनुहुन्थेन ।

प्रधानमन्त्रीको यस्तो शैलीले राष्ट्र नै लज्जित हुनु परेको छ भने सम्मानित राष्ट्रपतीय संस्था, संविधान र संसद्प्रति नै मानमर्दन भएको महसुस भएको छ । त्यति मात्र हैन, जनताको रगत, पसिना, बलिदानी र दशकौंदेखिको राजनीतिक संघर्षबाट प्राप्त गरिमामय संस्थाहरूप्रति उपेक्षा गर्नु भनेको जनताको भावना र आस्थामाथिकै उपेक्षा हो । त्यसो त प्रधानमन्त्री बालेन्द्र शाहले आफू निर्वाचित भइसकेपछि र प्रधानमन्त्री समेत भइसकेपछि पनि मुलुक र मुलुकवासीका नाममा कुनै औपचारिक सम्बोधन गरेका छैनन् । नयाँले जे गरे पनि राम्रो हुने, जस्तोसुकै रवैया पनि ग्राह्य हुने मनोरोग अहिले भाइरल बनेको छ ।

व्यक्तिको निजी हाउभाउ, लवाइ-खवाइ, औपचारिक तथा अनौपचारिक पोशाकदेखि सञ्चारकर्मीहरूलाई उपेक्षाभावले बाँकटे हान्दै उछलकुद गर्दै हिंडेको दृश्यसम्म मन पर्ने र नक्कल गर्ने जमातको बोलवाला चलेको बखत हरेक कुरामा क्रमभङ्गता देख्ने मनोरोग बल्भिनु स्वाभाविक हो । र, यस्तो रोगले ठीक र बेठीक, सही र गलत, मर्यादित र अमर्यादित, उचित र अनुचित व्यवहार तथा कार्यशैलीबारे विमर्श गर्न दिंदैन । तर, प्रधानमन्त्री बनेदेखि अहिलेसम्म पनि हाम्रा प्रधानमन्त्री बालेन्द्र शाहका हाउभाउ, शैली र रवैया स्याबासी दिने खालको भने देखिएको छैन । यसबाट निश्चय नै आत्मरतिमा रमाउन त सकिएला, तर राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय राजनीतिक एवम् कूटनीतिक क्षेत्रमा भने साख गिर्ने र अल्लारेपनको प्रदर्शन हुने बाहेक गम्भीर र दूरगामी परिणाम दिनेछैन ।

अब नीति कार्यक्रमतर्फ नै लागौं । सरकारले नीति तथा कार्यक्रममा संविधान संशोधनको बहसपत्र तयार गर्ने कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ । तथापि बहसपत्रबारे सरकारी संयन्त्रले आयोजना गरेको छलफल हेर्दा त्यो केवल प्रशासनिक विमर्श झैं प्रतीत हुन्छ । सरकारी प्रतिनिधिमण्डलले गरेको छलफल र त्यसका लागि लक्षित व्यक्तिहरू हेर्दा लाग्छ सरकारी टोलीले संविधानको प्रस्तावनाको पृष्ठभूमि, त्यसको मर्म र भावना अनि विगतमा त्यो संविधान प्राप्तिका लागि भए/गरेका राजनीतिक संघर्षको योगदानलाई भने नजरअन्दाज गरे झैं देखिंदैछ । प्रशासनिक एवम् एकाङ्की शैलीबाट तयार गरिने बहसपत्रमा मुलुकको अर्थ-राजनीतिक समस्याको जरो फेला पर्ला भन्नेमा प्रशस्त शंका छ ।

न्यून उत्पादन र अधिक उपभोग नै हाम्रो अर्थतन्त्रको विरोधाभासपूर्ण समस्या हो । यसको डाइनामिक्सलाई सही ठाउँमा ल्याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि अपरिहार्य हुन्छ । सरकारले आन्तरिक उत्पादन वृद्धि गर्ने औजारको रूपमा उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन नीतिगत एवम् कानूनी सुधारको आवश्यकता औंल्याएको छ, यो एकहदसम्म सही निष्कर्ष नै हो । तर पनि मुख्य कुरा भने त्यसको कार्यान्वयन कसरी हुन्छ भन्नेमै सो लक्ष्यको गन्तव्य सन्निहित रहन्छ । सीमारहित अर्थतन्त्र, तौलरहित व्यापार, डिजिटल अर्थतन्त्र आदि जस्ता लोकप्रिय र फेन्सी शब्दावलीले भरिपूर्ण नीति तथा कार्यक्रमबाट आधारभूत तहसम्म रोजगारी र आयआर्जन सिर्जना कसरी होला ?

सरकारले ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक उद्यमशील पेशाको रूपमा स्थापित गर्ने घोषणा गरेको छ जसका लागि विदेशबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिने भनिएको छ । तर, नेपालको कृषिले न त व्यावसायिक स्वरुप ग्रहण गर्न सकेको छ, न पछिल्लो समय व्यावसायिक बन्न खोज्दै गरेका कृषि उद्यमीहरू नै सफल भएका छन् । खासगरी कृषिमा आफैं काम नगर्दासम्म यसको महत्व नै नबुझ्ने अवस्था छ । अनि कृषिमा काम गर्न अहिलेको युवा पुस्ता कसैगरे पनि रुचिकर मानिरहेको छैन । अनि कृषिको कुरा गर्दा जमिनको उपलब्धताबारे गम्भीर समस्या विद्यमान छ । जमिनसँग आवास र ऐतिहासिक भूमि सम्बन्ध र स्वामित्व पनि सँगै आउँछ । अत: जमिन, आवास र भूमिको उपयोगिताबारे स्पष्टता नभएसम्म व्यावहारिक रूपमा नेपालको कृषि उन्नत हुनसक्ने देखिंदैन ।

'विकास' र 'व्यवस्थापन'का लागि भन्दै सुकुम्वासी र भूमिहीन नागरिकका बस्तीमा डोजर तन्त्र चलाएर चैन मान्ने सरकारले भूमि-सम्बन्धको जटिल समस्या समाधान गर्ला ? त्यस्तै कृषिका लागि श्रम जरूरी हुन्छ । तर, नेपालको शिक्षाले श्रम चिन्दैन । खासमा श्रमप्रतिको सम्मान र कामप्रतिको मोह नै सिर्जना हुन नसक्नाले हाम्रो युवाशक्ति खेर गइरहेको प्रतीत हुन्छ । अनि नेपालको कृषिलाई बजार शृङ्खलासँग अटुट रूपले जोड्न सकिएको छैन । राज्यले त्यही बजार निर्माणका लागि पहल गरिदियो र हरेक किसान परिवारले उत्पादन गर्ने स-सानो पैमानाका कृषिजन्य सामग्री स्वत: (किसानको पहल विना नै) बजारसम्म पुग्ने वातावरण बन्यो भने बल्ल नेपाली कृषिले केही गति लिनसक्ने देखिन्छ । सरकारको नीति तथा कार्यक्रममा भूमि व्यवस्थापन र बजारीकरणको स्पष्ट मार्गचित्र छुटेको प्रतीत हुन्छ ।

सरकारले सन् २०८३/८४ देखि 'रोजगार प्रवर्द्धन दशक' घोषणा गर्ने जनाएको छ । तर, यो घोषणा पनि विगतमा जस्तै यति लाख रोजगारी र उति लाख रोजगारी सिर्जना गरिनेछ भनेर गरिने घोषणा जस्तै हुने देखिन्छ । किनकि सरकार आफैंले रोजगारी सिर्जना गर्न सक्दैन, रोजगारी सिर्जनाका लागि देशमा लगानीमैत्री वातावरण बनाउने, प्रशासनिक एवम् कानूनी जटिलता फुकाउने र अर्थतन्त्रमा विश्वासको वातावरण सिर्जना गर्न जरूरी छ । सरकारले आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गर्ने उल्लेख गरेको छ र वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवासको स्वामित्व सुनिश्चित गरिने उल्लेख गरेको छ । वास्तवमै आवास नागरिकको मौलिक हक हो । कुनै पनि व्यक्ति आवासविहीन हुनु मुलुककै लागि लज्जाको विषय हो । आवासको प्रबन्ध गर्नु सरकारको दायित्व पनि हो । यो कार्य तत्कालै हुनुपर्छ ।

तर, यतिले मात्र पुग्दैन । नेपालको भूमि-सम्बन्ध अलि जटिल प्रकारको छ । सरकारी तथ्याङ्कले नै भन्छ कि मुलुकभर १२ लाख बढी परिवार सुकुम्वासी र अव्यवस्थित बसोबासीमा दर्ज छन् । जनसंख्यामा हेर्दा त्यो ४०/५० लाखकै हाराहारीमा हुन जान्छ । सरकारको नीति तथा कार्यक्रममा विगतमा 'अव्यवस्थित बसोबासी' भनी परिभाषित गरिएको तप्कालाई सम्बोधन गरेको देखिंदैन । यसबाट जमिनको उपयोगिता, आवासको हक यथोचित रूपमा कार्यान्वयन गर्न कठिन हुने देखिएको छ । सरकारले अव्यवस्थित बसोबासीलाई निश्चित मापदण्ड अनुरूप विगतमा भूमि आयोगले गरेको कामकारबाही अनुरुप व्यवस्थित बनाएपछि बल्ल भूमिहीन सुकुम्वासीको यकिन विवरण पनि आउने देखिन्छ । तर, सरकारले यस सवालमा नीति कार्यक्रममा केही बोलेको छैन ।

त्यसैगरी सरकारले औद्योगिक क्षेत्रको समग्र वातावरण सुधार गर्न उद्योग र लगानीसँग सम्बन्धित कानून, प्रक्रिया तथा संरचना समयानुकूल बनाउने घोषणा गरेको छ । औद्योगिक क्षेक्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई आकर्षित गरिने नीति कार्यत्रममा उल्लेख गरिएको छ । तर, मुलुकको औद्योगीकरणको मुख्य समस्या पहिचान गरी त्यसको समाधान नगरी उद्योग धन्दा फस्टाउने अवस्था भने देखिंदैन । सरकारले नयाँ 'राष्ट्रिय औद्योगिक नीति'को तर्जुमा गरी स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा पहुँच उपलब्ध गराउने उद्घोष गरेको छ । यो निश्चय नै सकारात्मक सुनिन्छ र विगत केही समयदेखि 'स्टार्टअप'को चर्चा यत्रतत्र सुनिंदै पनि आइएकै छ ।

तर, विगतमा पनि धेरै पटक स्टार्टअप र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइएको थियो, त्यसको कार्यान्वयन प्रभावकारी ढंगबाट हुनसकेको छैन । जसको मुख्य कारण प्रभावकारी र नियमित बजारको अभावले स-सानो उद्यमशीलताको प्रवर्द्धन हुन नसक्नु र ठूला तथा मझौला औद्योगिक क्षेत्रमा गरिने लगानीको प्रतिफलको कुनै सुनिश्चितता नहुनु हो । सरकारको नीतिले न त सानालाई सहयोग गरेको छ, न ठूलालाई आकर्षित नै । परिणामत: औद्योगिक लगानी भित्रिन सकेको छैन । अनि औद्योगिक क्षेत्रले अर्थतन्त्रमा गर्ने योगदानको अनुपात पनि स्थिर र खुम्चिंदो क्रममै रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै प्रकाशित गरेको विवरण अनुसार चालु आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान विगतकै अंक वरिपरि अर्थात् केवल १३.८ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

त्यसैगरी कृषि क्षेत्रको योगदान पनि २४.५ प्रतिशत र सेवा क्षेत्रको योगदान ६१.८ प्रतिशत रहने अनुमान गरेको छ । विगत १५ वर्षको तथ्याङ्क हेर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय अर्थात् औद्योगिक क्षेत्रको योगदान १३/१४ प्रतिशतमै सीमित देखिन्छ । प्राथमिक एवम् कृषिजन्य क्षेत्रको योगदान ३४ प्रतिशतबाट घटेर २४ प्रतिशतमा झरेको छ भने सेवा क्षेत्रको योगदान ५२ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेको छ । यस वर्ष पनि सरकारले स्वदेशी उत्पादन प्रवर्द्धनको नीति लिएको देखिन्छ । तर, आपूर्ति शृंखलामा यथेष्ट मूल्यवृद्धि गर्न सक्ने त्यस्ता राष्ट्रिय उत्पादनहरूबारे भने यकिन हुनसकेको देखिंदैन । हामीसँग भएका के-कस्ता उत्पादनहरूमा उल्लेख्य मूल्यवृद्धि (भ्यालू एड) गर्न सकिन्छ ? अनि त्यस्ता उत्पादनको लागत र कच्चा पदार्थको उपलब्धताको अवस्था कस्तो छ ? स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग हुन् कि आयातित कच्चा पदार्थमा ? त्यस्ता उत्पादनको आन्तरिक बजार कस्तो छ ? बजार व्यवस्थापनको सम्भावना कस्तो छ ? यी यावत् विषयहरूमा यथोचित अध्ययन-अनुसन्धान हुनसकेको देखिंदैन । त्यसैले हाम्रो औद्योगिक र व्यावसायिक नीति पनि सफल हुनसकेको छैन ।

यस पटकको नीति कार्यक्रमको विशेषता भनेकै छरितोपना हो । कुल १०० बुँदामा समेटिएको नीति तथा कार्यक्रम विगतको भन्दा छरितो देखिएको छ तथापि आधारभूत रूपले नीति कार्यक्रमले प्रशासनिक सुधार गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने एवम् सबै क्षेत्रलाई डिजिटाइज गर्ने लक्ष्यहरू निर्धारण गर्नुबाहेक बृहत् आर्थिक एवम् सामाजिक क्षेत्रको रूपान्तरणका सवालहरूलाई भने समेटेको देखिंदैन । नीति कार्यक्रमले अर्थतन्त्रका संरचनागत जटिलता खुट्याउने र त्यसलाई बदल्ने दृष्टिकोण स्पष्ट्याउन सकेको छैन । नेपाली अर्थतन्त्रको नियति भन्नु नै न्यून उत्पादन हो । न्यून उत्पादनका कारण राज्यको आम्दानी बढ्न सकेको छैन । अत: सरकारले प्रस्ताव गरेका कार्यक्रमहरू कार्यान्वयनका लागि सबैभन्दा ठूलो चुनौती नै वित्तीय स्रोतको अभाव हो । सरकारको नीतिमा राजस्व बढाउने कुनै नवीन उपाय देखिएको छैन ।

आयातमा लगाइएको करकेन्द्रित राजस्वले मुलुकको समृद्धि सम्भव छैन । उत्पादनमा आधारित राजस्व बढोत्तरीको सम्भावना पहिचान हुनसकेको छैन । त्यसैले स्रोतको अभाव नै हाम्रो सीमितता हो । विगत लामो समयदेखि राजस्वका अलावा बाह्य अनुदान र सार्वजनिक ऋण नै सरकारी स्रोत व्यवस्थापनको औजार बन्न पुगेको छ । कुनै बेला सरकारी ऋण बढ्दै गर्दा 'ऋण थपेर मुलुक बन्दैन' भन्दै सामाजिक सञ्जालमा कटाक्ष गर्ने स्वयम् बालेन्द्र शाह नै अहिले प्रधानमन्त्री छन् र उनका सुरुआती निर्णयहरू नै थप वैदेशिक ऋण स्वीकार गर्ने थिए । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदन अनुसार चालु आर्थिक वर्षको २०८२ चैत मसान्तसम्म मुलुकको कुल सार्वजनिक ऋण रु.२९ खर्ब ३३ अर्ब पुगिसकेको छ । जबकि यसै आ.व.को शुरुमा यस्तो ऋण रु.२६ खर्ब ७४ अर्ब रहेको थियो । चालु आर्थिक वर्षको ९ महिनामा नै रु.२ खर्ब ६० अर्ब ऋण थपिएको छ ।

त्यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालयको संशोधित विवरण अनुसार चालु आर्थिक वर्षको अन्त्यसम्म मुलुकको कुल गार्हस्थ्य उत्पादन रु.६६ खर्ब पुग्ने अनुमान गरिएको छ । अर्थात् यस वर्षको अन्त्यसम्म कुल जीडीपीसँग अहिलेको सार्वजनिक ऋणको अनुपात कम्तीमा ४५ प्रतिशत पुग्ने देखिन्छ । जबकि चालु वर्षको सुरुआतमा यस्तो अनुपात ४१.५ प्रतिशत रहेको थियो । सार्वजनिक ऋणको आयतन बढ्दै जाँदा हामी क्रमश: ऋणको पासोमा पर्दै गएको स्पष्ट हुन्छ । तर, सरकारको नीति कार्यक्रममा ऋणको पासोलाई क्रमश: खुकुलो बनाउँदै लैजाने रणनीति देखिंदैन । सरकारले सार्वजनिक सेवा प्रवाह, कृषि क्षेत्रको विकास, पर्यटनको प्रवर्द्धन, औद्योगिक प्रवर्द्धन एवम् प्रविधि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ । कार्यक्रमले सम्भवत: सेवा प्रवाहका हरेक क्षेक्रमा डिजिटाइजेसनलाई जोड दिने नीति देखिन्छ । तर, एकल दुईतिहाइ बहुमतको सरकारको नीति तथा कार्यत्रमले आधारभूत जनताको जीविकालाई सम्बोधन गर्ने स्पष्ट कार्यक्रमलाई प्रस्तावित गर्न सकेको देखिंदैन । महँगी नियन्त्रण गरी जनताको भान्सा सर्वसुलभ बनाउने कार्यक्रमबारे सरकार बोलेको छैन ।

खासगरी संसद्मा टेबुल गर्ने बेलामा झुल्किने बाहेक सरकारका प्रधानमन्त्री नै सरकारका नीति तथा कार्यत्रम प्रस्तुति, छलफल र पारित गर्ने कार्यमा संलग्न भएनन् । संसद्मा प्रधानमन्त्रीको उपस्थितिका लागि प्रतिपक्षहरूले निकै जोडबल गर्दा पनि प्रधानमन्त्री संसद्मा देखा परेनन् । यसबाट उनले संसद्लाई भने उपेक्षा नै गरेको ठहर हुन्छ । दुईतिहाइ बहुमतको सरकारले आफ्नो पहिलो नीति तथा कार्यक्रम (जुन स्वत: र सहजै पारित हुनेवाला थियो नै) प्रतिपक्षहरूको आवाजलाई सुन्नेसम्म चेष्टा नगर्नु भनेको सत्ताको मैमत्ता नै हो । अत: सरकार नीति तथा कार्यत्रममा राजनीतिक रूपले 'असफल' भएको मान्न सकिन्छ । प्रतिपक्षको आवाज नसुन्नाले नीति कार्यक्रम केवल सरकार र सत्ताधारी दलकै प्रोपर्टी बन्न पुग्यो र स्वयम् प्रधानमन्त्रीले नै स्वामित्व नलिएको जस्तो देखिएको अवस्थामा कसको नीति र कसको कार्यत्रम ? भन्ने राजनीतिक प्रश्न अनुत्तरित नै रह्यो । अब विगतमा जस्तै सरकारले प्रत्येक वर्ष सार्वजनिक गर्ने नीति तथा कार्यक्रमले केवल परम्पराको निरन्तरता मात्रै अभिव्यक्त गर्ने हो कि त्यसको परिणाममुखी कार्यान्वयन पनि हुनेछ ? त्यो भने भविष्यले नै बताउनेछ । आशा गरौं प्रचण्ड बहुमतको गह्रुँगो सरकारले ल्याएको हल्का नीति तथा कार्यक्रमको नियति भने विगतको जस्तो हुनेछैन ।

*(साभार: अनलाइनखबर)*

# मानवीय समानुभूतिको संकट

✍इन्द्रकुमार श्रेष्ठ

चिनियाँ दार्शनिक कन्फ्युसियसले हजारौं वर्षअघि भनेका थिए- 'त्यस्तो व्यवहार अरुलाई नगर, जुन व्यवहार अरूले गर्दा तिमीलाई मन पर्दैन ।' यो वाक्य केवल नैतिक उपदेशको एउटा हरफ मात्र होइन, बरु यो त समस्त मानव सभ्यतालाई जोड्ने एउटा यस्तो अदृश्य सूत्र हो, जसलाई बिर्सिनासाथ समाजमा विग्रह र व्यक्तिको मनमा अशान्ति शुरु हुन्छ । मानव इतिहासका जति पनि ठूला दार्शनिक चिन्तनहरू छन्, ती सबैको सार यही एउटै कुरामा आएर ठोक्किन्छ कि मानिसले आफ्नो 'म' र अरूको 'म' लाई कहिलेदेखि फरक देख्न थाल्यो ?

मानिसको सबैभन्दा ठूलो समस्या नै यही हो कि ऊ आफूलाई ब्रह्माण्डको केन्द्र मान्छ र बाँकी सारा संसारलाई आफ्नो इच्छापूर्तिको साधन मात्र ठान्छ । जब मानिस आफू सुख, सुविधा र आरामदायी स्थितिमा हुन्छ, तब उसलाई लाग्छ कि यो संसारमा सबै कुरा ठीकठाक छ, तर त्यही सुखको क्षणमा उसले बिर्सिन्छ कि कतै कोही उसको त्यही सुखको मूल्य चुकाइरहेको हुन सक्छ । आफ्नो अनुकूलतामा अरूको प्रतिकूलता नदेख्नु र आफ्नो प्रतिकूलतामा संसार भरिको अन्याय आफ्नै थाप्लोमा परेको महसुस गर्नु नै मानवीय प्रवृत्तिको सबैभन्दा कुरुप पक्ष हो । यो स्वार्थी चिन्तनले मानिसलाई यतिसम्म अन्धो बनाइदिन्छ कि उसले आफ्नो खुट्टामा बिझेको सानो काँडालाई पहाडजस्तो ठूलो देख्छ तर अरूको मुटुमा लागेको गहिरो चोटलाई केवल एउटा सामान्य समाचारको रूपमा ग्रहण गर्छ ।

मानवीय व्यवहारको यो दोहोरो मापदण्ड हाम्रा दैनिक क्रियाकलापहरूमा छर्लङ्ग देखिन्छ । एउटा डेरावालले घरधनीको घरलाई आफ्नो घर मान्दैन र त्यहाँको भित्तामा जथाभावी काँटी ठोक्दा वा सरसफाइमा ध्यान नदिंदा उसलाई कुनै आत्मग्लानि हुँदैन । उसको मस्तिष्कमा 'यो मेरो होइन' भन्ने एउटा यस्तो पर्खाल खडा भएको हुन्छ, जसले जिम्मेवारी र अपनत्वको भावनालाई पूर्णत: निषेध गरिदिन्छ । तर, विडम्बना के छ भने, त्यही व्यक्ति जब भविष्यमा आफ्नै घर बनाउँछ, तब उसले आफ्नो घरको भित्तामा एउटा सानो दाग लाग्दा पनि ठूलो पीडा महसुस गर्छ । यदि उसले डेरामा बस्दा नै 'म घरधनी भएको भए मलाई कस्तो लाग्थ्यो होला ?' भनेर सोच्न सकेको भए घरवालाको घर कुरूप हुन पाउँदैनथ्यो ।

ऊसँग कुनै विवाद पनि हुँदैनथ्यो । यही दायित्वहीनताको मनोवृत्ति सरकारी कार्यालयका कर्मचारीहरूमा पनि देखिन्छ । राज्यको ढुकुटीबाट तलब बुझ्ने तर काम गर्दा 'घाटा लागे सरकारलाई लाग्छ' भन्ने सोच्ने कर्मचारीले यो बिर्सन्छ कि त्यो सरकार उसकै छिमेकी, उसकै आफन्त र उसकै सन्ततिको पसिनाबाट सङ्कलित करको योगफल हो । जब व्यक्तिले संस्था वा राज्यलाई आफ्नो मान्न छोड्छ, तब भ्रष्टाचार र बेथिति मौलाउन थाल्छ । नेताहरूको अवस्था पनि योभन्दा भिन्न छैन । शक्तिमा पुगेपछि 'मैले जसरी पनि कमाउनुपर्छ' भन्ने सोच राख्नेहरूले यो भुल्छन् कि उनीहरूले आज जुन कुर्सीमा बसेर निर्णय गरिरहेका छन्, त्यो कुर्सी सधैं उनीहरूको रहनेछैन । शक्तिको मातले मानिसलाई यति संवेदनहीन बनाउँछ कि उसले आफ्नो आर्जनका लागि हजारौंको आँसु र भविष्यसँग सम्झौता गर्न पनि हिचकिचाउँदैन ।

मानव जीवनमा समय एउटा यस्तो ऐना हो, जसमा हामी प्रत्येक पल बदलिइरहेका हुन्छौं, तर त्यो परिवर्तनलाई स्वीकार गर्ने चेत हामीमा हुँदैन । युवावस्थामा रहेको मानिसले वृद्धवृद्धाको चाउरिएको गाला, काँपेको हात र लरखराएको बोली देख्दा घृणाभाव प्रकट गर्छ । उसलाई लाग्छ कि यो जवानी, यो ऊर्जा र यो सामर्थ्य सधैंका लागि उसको निजी सम्पत्ति हो । तर कालचक्रको गति यति तीव्र छ कि हेर्दाहेर्दै ऊ आफैं पनि त्यही अवस्थामा पुग्छ, जहाँ आज ऊ अरूलाई देखेर घिनाइरहेको छ । यदि युवाहरूले आफ्नो बुढ्यौलीको ऐना आजै हेर्न सक्ने भए वृद्धवृद्धाहरू प्रतिको उनीहरूको व्यवहारमा श्रद्धा र करुणा भरिने थियो । अर्कोतिर, वृद्धवृद्धाहरू पनि केटाकेटीले गरेको चञ्चलता र चकचक देखेर दिक्क मान्छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# विपद् स्वयंसेवक आधारभूत तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ मकवानपुरमा विपद् व्यवस्थापन सम्बन्धी समुदायस्तरको जनशक्ति तयार गर्ने उद्देश्यले समुदाय विपद् स्वयंसेवक आधारभूत तालिम सुरु गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गण हेडक्वार्टर मकवानपुरको आयोजनामा तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा सञ्चालन भएको १८ दिने तालिम बिहीबार एक कार्यक्रमबीच शुभारम्भ गरिएको हो । हेटौंडा-८ स्थित सशस्त्र प्रहरीगण परिसरमा आयोजित उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । तालिममा हेटौंडा उपमहानगरका २५ जना युवाको सहभागिता रहेको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १४ गणका प्रमुख सशस्त्र प्रहरीउपरीक्षक नवीनकुमार खड्काले प्राकृतिक तथा मानवसिर्जित विपद्को समयमा समुदायस्तरमै उद्धार र राहतकार्यमा सक्षम जनशक्ति तयार गर्न तालिम आयोजना गरिएको जानकारी दिए ।



उनकाअनुसार तालिममा भूकम्प, बाढी, पहिरो, आगलागी लगायत विपद्का समयमा अपनाउनुपर्ने सुरक्षाविधि, उद्धारकार्य, प्राथमिक उपचार, सञ्चार तथा समन्वय, राहत व्यवस्थापन तथा विपद्पछिको पुन:स्थापनासम्बन्धी व्यवहारिक र सैद्धान्तिक प्रशिक्षण प्रदान गरिनेछ । उनले विपद् व्यवस्थापनका तीनै चरण पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभसँग सम्बन्धित गतिविधिलाई प्रभावकारी बनाउन सामूहिक अभ्याससहितको तालिम सञ्चालन गरिएको बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मकवानपुर जिल्ला भौगोलिकरुपमा विपद्को उच्चजोखिममा रहेपनि नागरिकमा पर्याप्त सचेतना अभाव रहेको बताएका छन् ।

प्राकृतिक विपद्लाई पूर्णरुपमा रोक्न नसकिने भएपनि पूर्वतयारी, जनचेतना र शीघ्र उद्धार मार्फत् क्षति कमगर्न सकिने उनले उल्लेख गरे । समुदायलाई विपद् व्यवस्थापनमा सक्षम बनाउने उद्देश्यले यस्ता तालिम प्रभावकारी हुने उनको भनाइ थियो । समुदाय आफैं सचेत र सक्षम भए विपद्का समयमा हुने मानवीय तथा भौतिक क्षति न्यून गर्न सकिने उनले बताए । नगर प्रमुख लामाले तालिमबाट प्राप्त सीपलाई व्यवहारमा उतार्न सहभागी युवालाई आग्रह गरिन् । उनले विपद्का समयमा स्वयंसेवक परिचालनलाई थप प्रभावकारी बनाउन तथा स्वयंसेवकको मनोबल उच्च राख्न हेटौंडा उपमहानगरपालिकाले निश्चित पारिश्रमिक उपलब्ध गराउने विषयमा कार्यविधि बनाएर अघि बढ्ने प्रतिबद्धता जनाइन् ।

उद्घाटन कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरीका प्रतिनिधि, पत्रकार महासंघ मकवानपुर अध्यक्ष, ८ नम्बर वडाअध्यक्षलगायतको सहभागिता रहेको थियो । कार्यक्रममा सशस्त्र प्रहरी बल नम्बर १४ गण हेडक्वार्टर मकवानपुरसँग रहेका विपद् उद्धार तथा खोज सामग्रीको प्रदर्शनी गरिएको थियो ।

# संघीय सरकारको रवैयाविरुद्ध सञ्चारकर्मीको हस्ताक्षर



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/सरकारको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी रवैयाविरुद्ध नेपाल पत्रकार महासंघ मकवानपुरले सञ्चारकर्मीको हस्ताक्षर संकलन गरेको छ ।

सरकारी सूचना तथा विज्ञापन वितरणमा विभेदकारी नीति अपनाइएको भन्दै महासंघले देशव्यापी रुपमा सञ्चालन गरिरहेको दबाबमूलक आन्दोलनअन्तर्गत् मकवानपुर शाखाले सञ्चारकर्मीको हस्ताक्षर संकलन गरेको हो । महासंघले सरकारले खर्च कटौतीको बहानामा संघीय, प्रदेश तथा स्थानीय तहका सरकारी सूचना र विज्ञापन राज्य नियन्त्रित सञ्चारमाध्यमलाई मात्र दिने निर्णय गरेको भन्दै त्यसलाई प्रेस स्वतन्त्राविरोधी र निजी सञ्चार माध्यम माथिको विभेदकारी कदमका रुपमा व्याख्या गरेको छ । श्रमजीवी पत्रकारको हित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सूचनामा समान पहुँच सुनिश्चित गर्न माग गर्दै महासंघ करिब डेढ महिनादेखि आन्दोलनमा रहेको छ ।

महासंघले सार्वजनिक गरेको आन्दोलनको कार्यक्रमअनुसार जेठ ७ गतेदेखि एक सातासम्म केन्द्र, प्रदेश तह र जिल्लामा हस्ताक्षर संकलन अभियान सञ्चालन भइरहेको छ । मकवानपुरमा पनि पत्रकार तथा सञ्चारकर्मीले हस्ताक्षर गर्दै सरकारको निर्णयप्रति विरोध जनाएका छन् । आन्दोलनका कार्यक्रमअन्तर्गत जेठ ११ गते नेपाल पत्रकार महासंघको केन्द्रीय समितिले संघीय संसद्का सभामुख, राष्ट्रियसभाका अध्यक्ष तथा संसदीय समितिका सभापतिलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको छ ।

प्रदेश तथा जिल्ला शाखा तहबाट समेत ईमेल र हुलाकमार्फत् ज्ञापनपत्र पठाइने महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी बताए । यस्तै, जेठ १४ गते देशभरका पत्रपत्रिका, टेलिभिजन, रेडियो तथा अनलाइन सञ्चारमाध्यममार्फत् सरकारी निर्णयविरुद्ध सम्पादकीय वा उपयुक्त स्थानमा कालो राखेर प्रतीकात्मक विरोध जनाइने कार्यक्रम रहेको छ ।

महासंघले साताव्यापी दबाब अभियानपछि पनि माग सम्बोधन नभए आन्दोलनलाई अझ सशक्त बनाइने चेतावनी दिएको छ ।

# हेटौंडामा राष्ट्रिय बक्सिङ प्रतियोगिता हुने



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/हेटौंडामा यही जेठ १३ गतेदेखि राष्ट्रिय बक्सिङ प्रतियोगिता हुने भएको छ । जिल्ला बक्सिङ संघ मकवानपुरको आयोजनामा जेठ १३ गतेदेखि १६ गतेसम्म हेटौंडा-४ स्थित पारिजातपथमा रहेको कभर्ड हलमा युथ-१९ र युथ-२२ उमेर समूहको अल नेपाल ओपन बक्सिङ प्रतियोगिता हुने भएको हो ।

प्रदेश खेलकुद विकास परिषद्को करिब २४ लाख ५० हजार रुपैयाँ सहयोगमा सञ्चालन हुने प्रतियोगितामा विभिन्न २८ वटा क्लबका करिब दुईसय खेलाडी सहभागी हुने अनुमान गरिएको छ । संघ मकवानपुर अध्यक्ष सुशील घिमिरेका अनुसार प्रतियोगितामा करिब ३० लाख रुपैयाँ खर्च अनुमान गरिएको छ । प्रतियोगितामा युथ-१९ तर्फ ७ वटा र युथ-२२ तर्फ ७ वटा गरी १४ वटा तौल समूहमा खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । महिलातर्फ दुई उमेर समूहमा एक/एक तौल समूह निर्धारण गरिएको छ ।

प्रतियोगिता तयारी तीब्र रुपमा अगाडि बढिरहेको विहीबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । प्रतियोगिताको प्रत्येक तौल समूहका पहिलो र दोस्रो हुनेले क्रमश: १० र ५ हजार तथा सेमिफाइनलमा पुग्नेले ३/३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्बोत्कृष्ट खेलाडी, प्रशिक्षक र क्लबलाई नगद १०/१० हजार रुपैयाँ प्रदान गरिनेछ । प्रत्येक खेलाडीको आवधिक बीमा गरेको बताइएको छ । संघका मकवानपुर प्रशिक्षक लालबहादुर पौडेलका अनुसार प्रत्येक दिन 'बक्सर अफ डे'बाट एकजना खेलाडीलाई सम्मान गरिनेछ ।

'खेलाडी उत्पादन गर्न यस प्रतियोगिता आयोजना गरिएको हो । जुनियर खेलाडीको देशभरको अवस्था कस्तो छ भनेर यस प्रतियोगिताबाट थाहा हुनेछ' उनले भने । पौडेलकाअनुसार प्रतियोगितामा विभागीय टोली सहभागी हुने छैनन् । संघका उपाध्यक्ष उज्ज्वल भण्डारीका अनुसार प्रतियोगितामा मकवानपुर बाट दुई टोलीको सहभागिता रहनेछ । प्रतियोगिताका लागि अपुग रकम स्थानीय विभिन्न दाताको सहयोगमा जुटाइने भण्डारीले जानकारी दिए ।

# शैक्षिक महोत्सवको मिति जेठ १३ मा सऱ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/हेटौंडा-४ नं. वडा कार्यालयको आयोजनामा तथा शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा हुने शैक्षिक महोत्सवको तयारी तीव्र बनाइएको छ ।

पूर्वनिर्धारित जेठ १४ गते हुने भनिएको कार्यक्रम सो दिन सार्वजनिक बिदा परेकाले जेठ १३ गते बुधबार हुने शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दाहालले जानकारी दिएका छन् । चौथोपटक हुन लागेको महोत्सव यसपटक नगरस्तरीय हुने र नगर भित्रका विद्यालयलाई पत्राचार गरि सकिएको तथा विद्यालयले महोत्सवमा सहभागी हुन विधागत तयारी गरि रहेको उनले बताए । महोत्सवमा विशेष कार्यक्रमकारुपमा राष्ट्रिय भाषा र संस्कृतिलाई झल्काउने नृत्य प्रतियोगिता, विज्ञान विषयको प्रदर्शनी र चित्रकला प्रतियोगिता हुने वडा नं. ४ का अध्यक्ष नवीन सिग्देलले बताए ।

चित्रकला प्रतियोगिताको विषय '२० वर्षपछिको हेटौंडा' रहेको बताउँदै आजका विद्यालयका विद्यार्थीले २० वर्षपछिको हेटौंडा सहर कस्तो बनाउने भन्ने परिकल्पनामा चित्रकोर्ने बताइएको छ । विद्यालय र विद्यार्थी बीचको स्वस्थ प्रतिस्पर्धाबाट उनीहरुभित्र लुकेर रहेको प्रतिभा प्रस्फुटन गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याई विद्यार्थीलाई सिर्जनात्मक बनाउने महोत्सवको उद्देश्य रहेको वडाअध्यक्ष सिग्देलले बताए । वडाअध्यक्ष सिग्देलले महोत्सवमा नगरभित्रका विद्यालय सहभागी हुन र विद्यार्थीलाई अवलोकन गराउन विद्यालय प्रशासन र व्यवस्थापन समितिलाई आग्रह गरे । वडा कार्यालयले विगतका वर्षमा तीनपटकसम्म आयोजना गरिएको महोत्सवमा हजारौं विद्यार्थी, शिक्षक तथा अभिभावकले अवलोकन गरेको बताउँदै यसपटक करिब १० हजार जनाले अवलोकन गर्ने व्यवस्था मिलाइएको जानकारी दिए ।

नृत्य प्रतियोगितामा प्रथमलाई २० हजार, द्वितीयलाई १५ हजार, तृतीयलाई १० हजार र सान्त्वनालाई ५ हजार रुपैयाँ पुरस्कार रहेको छ । विज्ञान प्रदर्शनीमा प्रथमलाई ३० हजार, द्वितीयलाई २० हजार, तृतीयलाई १० हजार र सान्त्वनालाई ५ हजार रुपैयाँ पुरस्कार रहेको छ । चित्रकला प्रतियोगितामा प्रथमलाई २० हजार, द्वितीयलाई १५ हजार, तृतीयलाई १० हजार र सान्त्वनालाई ५ हजार रुपैयाँ नगद पुरस्कार रहेको वडा कार्यालयका सचिव रामप्रसाद गुरागाईंले जानकारी दिए ।

# मकवानपुरे किसानको १४ करोड भुक्तानी दिलाउन सांसद आचार्यको माग

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद लीमा अधिकारी आचार्यले किसानलाई कृषिजन्य उत्पादनको मूल्य तत्काल उपलब्ध गराउने व्यवस्था गर्न सरकारसँग माग गरेकी छन् ।

बिहीबार प्रतिनिधि सभाको शून्य समयमा बोल्दै अधिकारीले किसानलाई १५ दिनभित्र आफ्नो उपजको मूल्य पाउने कानुनी प्रबन्ध गर्न माग गरिन् । 'म सरकारँग माग गर्दछु, किसानको भुक्तानी १५ दिनभित्र अनिवार्य फस्यौंट गर्ने कानूनी ग्यारेण्टी गरियोस्', उनले भनिन् । किसानले दूध, उखु, धान, लगायत उत्पादनको मूल्य नपाउँदा युवा रोजगारीका लागि खाडीमुलुक जान बाध्य रहेको उनको भनाइ थियो । मुलुकमा खाद्यान्न मात्र नभई, खाद्य आत्मनिर्भरता चाहिएको उनले जोड दिइन् ।



'मकवानपुरका दूध उत्पादक किसानको १४ करोडभन्दा बढीको भुक्तानी बाँकी छ । यो एउटा जिल्लाको मात्र होइन, सभामुख महोदय देशभरका उखु, दूध, धानलगायतका धेरै उत्पादक किसानको साझा नियती हो', अधिकारीले भनिन्, 'जब एउटा किसानले आफ्नो पसिनाको मूल्य महिनौं/वर्षौं कुर्नुपर्छ, उसले गाई-भैंसीको दाना र छोराछोरीको स्कुलको फि कसरी समयमा तिर्छ ? त्यसैकारण आज ऊर्जावान युवा आफ्नो उर्बर भूमिलाई बाँझो छोडेर खाडीको मरुभूमिमा जान बाध्य छन् । किसानको खल्ती रित्तो बनाएर देशमा समृद्धि कदापी ल्याउन सक्दिैन ।'

### कैलाश गाउँपालिकामा लागू औषध विरुद्धको अभियान प्रभावकारी:

# सचेतना, समन्वय र सामाजिक प्रतिबद्धताको सशक्त सन्देश



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्र, हेटौंडा-९, मकवानपुरको व्यवस्थापनमा सञ्चालन भइरहेको लागू औषध दुर्व्यसन विरुद्धको ३ महिने अभियान अन्तर्गत कैलाश गाउँपालिकामा विविध सचेतनामूलक तथा समन्वयात्मक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् । अभियानले समुदाय, विद्यालय तथा स्थानीय सरकारबीच सहकार्य विस्तार गर्दै लागू औषध विरुद्ध सशक्त सामाजिक अभियानको रूप लिएको छ ।

अभियान अन्तर्गत सम्पन्न पालिका स्तरीय समन्वय बैठक गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानको प्रमुख आतिथ्यता तथा प्रमुख प्रशासकीय अधिकृत सीता कुमारी खत्रीको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा महाशाखा प्रमुखहरू, शाखा प्रमुखहरू तथा शाखा प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

बैठकमा लागुऔषध न्यूनीकरण समिति २०७६, स्थानीय तहको सहकार्यमा पुनर्थापना केन्द्र संचालन कार्यविधि २०७५, स्थानीय पाठ्यक्रम निर्माण, लागू औषध नियन्त्रण, युवामाझ बढ्दो दुर्व्यसनको चुनौती, रोकथामका उपाय तथा स्थानीय तहको समन्वयात्मक भूमिकाबारे गम्भीर छलफल गरिएको थियो। सहभागीहरूले समुदायस्तरबाटै सचेतना अभिवृद्धि गर्दै सुरक्षित र स्वस्थ समाज निर्माणमा साझा प्रतिबद्धता व्यक्त गरेका छन्।

यसैगरी, कैलाश गाउँपालिका वडा नं. ३ स्थित श्री भवानी माध्यमिक विद्यालयमा विद्यालय सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। वडा नं. ३ का वडा अध्यक्ष श्री देवलाल बलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कक्षा ८ र ९ का विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा लागू औषध तथा दुर्व्यसनका नकारात्मक असर, मानसिक स्वास्थ्य, सही संगतको महत्व र उज्ज्वल भविष्य निर्माणका विषयमा प्रेरणादायी प्रशिक्षण तथा अन्तरक्रिया गरिएको थियो । कार्यक्रमले विद्यार्थीहरूमा आत्मविश्वास र सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेलेको सहभागी शिक्षकहरूले बताएका छन्।

अभियान अन्तर्गत विद्यालय क्षेत्र तथा वडा कार्यालय बाहिर "धुम्रपान निषेध क्षेत्र" सम्बन्धी बोर्डहरू स्थापना गरिएको छ। यस कदमले सार्वजनिक स्थलहरूलाई धुम्रपानमुक्त बनाउने तथा युवा पुस्तामा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ । साथै गाउँपालिकाका विभिन्न मुख्य सार्वजनिक स्थलहरूमा सन्देशमूलक पर्चा वितरण गरी समुदायस्तरमा व्यापक जनचेतना फैलाउने कार्य समेत गरिएको छ ।

अभियानले "लागूऔषधमुक्त समाज, सुरक्षित भविष्य" भन्ने सन्देशलाई केन्द्र माराख्दैयुवालाई कुलतबाट जोगाउने, समुदायलाई जिम्मेवार बनाउने र सामाजिक एकता मजबुत बनाउने लक्ष्य लिएको आयोजकले जनाएको छ ।

स्थानीय सरकार, विद्यालय र समुदायबीचको सहकार्यले मात्रै लागू औषध दुर्व्यसन विरुद्धको लडाइँ प्रभावकारी बन्न सक्ने सन्देशसहित अभियानलाई मकवानपुरभर सकारात्मक रूपमा हेरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्ना हुने कार्यक्रमहरु
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्स्टिच्यूट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३।०२।१३ गते बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्षिटच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

# कैलाशमा अभिभावक शिक्षा कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ मकवानपुरको विकट कैलाश गाउँपालिकाले अभिभावकलाई लक्षित गरी बृहत अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमको सुरुवात गरेको छ ।

विहीबारबाट सुरु भएको कार्यक्रम शनिबार सकिने जनाइएको छ । कैलाश-२ स्थित कमलादेवी माविमा वडा २ का वडाध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक राजेन्द्र घिसिङको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रमको सुरुवात गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष मुक्तानले गाउँपालिकाले अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई नीति तथा कार्यक्रममा राखेर यसवर्षदेखि कार्यक्रम सञ्चालन गरिएको बताए । 'बालबालिकाको निगरानी अभिभावकको हो, शिक्षा नीतिअनुरुप अभिभावकलाई शिक्षा दिनु आवश्यक रहन्छ' मुक्तानले भने ।



बालबालिकाको सोच परिवर्तन गरी शिक्षा प्रदान गरिनुका साथै अभिभावकको सुझावअनुसार स्थानीय सरकारले आवश्यक नीति निर्माण गर्ने उनले बताए । सामाजिक सञ्जालले विद्यार्थी मात्र नभई अभिभावकमा पनि ठुलो असर पर्दै गइरहेको अध्यक्ष मुक्तानले बताए । कैलाशमा शिक्षामा सुधार भइरहेको छ, सिक्ने र सिकाउने कार्य निरन्तर रहिरहने भएकाले विद्यालयमा मात्र नभई आफ्ना बच्चाहरुलाई घरमा पनि अभिभावकले पठनपाठनमा ध्यान दिनुपर्ने उनको भनाई छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले विद्यार्थीलाई शिक्षित बनाउन अभिभावकको ठुलो भूमिका रहने बताए । प्रविधिसँग जोडिनु राम्रो हो तर, अहिले मोवाइल प्रयोगले पठनपाठनमा समस्या उत्पन्न भइरहेको उनले बताए । सामाजिक सञ्जालले विद्यार्थीको पढाइमा असर पुगेको छ, त्यसमा अभिभावकले ध्यानदिनु जरुरी रहेको उपाध्यक्ष मल्लले बताए । 'विद्यालयमा मात्र होइन बालबालिकाले घरमा पनि कसरी पठनपाठनमा सहयोग पुऱ्याउने हो त्यसतर्फ ध्यान दिनुपर्छ' उनले भने, 'बालबालिकाको पहिलो पाठशाला घर हो र शिक्षकमा अभिभावक हुन्,।'

विद्यार्थीको पढाइको रुपरेखा कता लैजाने भन्ने कुरा शिक्षकसँगै अभिभावकको पनि ठुलो भूमिका रहने उनले बताए । वडाध्यक्ष घिसिङले बालबालिकाको पढाइमा शिक्षक र अभिभावक दुबैको दायित्व रहने बताए । अभिभावकले घरमा संस्कार सिकाउनुपर्यो र शिक्षकले विद्यालयमा शिक्षा दिनुपर्यो, यी दुबै भएपछि मात्रै असल र सफल विद्यार्थी बन्ने बताए । सामूदायिक विद्यालयमा पढाएर पनि विद्यार्थीको भविष्य राम्रो रहने बताउँदै उनले पछिल्लो समय सामाजिक सञ्जालको प्रयोगले विद्यार्थी र अभिभावकको दुरी लम्बिएको बताए ।

कार्यक्रममा मुख्य प्रशिक्षक अभिषेक घिमिरेले अभिभावक शिक्षा र सचेतनासम्बन्धी कार्यपत्र प्रस्तुत गरी शिक्षा प्रदान गरेका थिए । विहीबार कमलादेवी मावि र वडा ६ मा रहेको व्यास माविको सभाहलमा कार्यक्रम सञ्चालन गरिएको शिक्षा शाखाप्रमुख समीर जोशीले बताए । तीन दिन सञ्चालन हुने कार्यक्रममा बालबालिका सम्बन्धी जनचेतनामूलक गतिविधि, अभिभावक शिक्षा, सामाजिक सचेतना तथा सरोकारवालाबीच अन्तरक्रियाले बालबालिकाको शारीरिक तथा मानसिक विकासमा सहयोग पुग्ने जोशीले बताए ।

विद्यार्थीको व्यवहार सुधार, सिकाइ क्षमता वृद्धि, घर-विद्यालय समन्वय सुदृढीकरण तथा समूदायमा सकरात्मक परिवर्तन ल्याउनुनै कार्यक्रमको मुख्य उद्देश्य रहेको जोशीले बताए । कार्यक्रममा शिक्षा शाखाप्रमुख जोशी, मुख्य प्रशिक्षक घिमिरे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्र सारुमगर, विद्यालयका प्रअ रामएकवाल यादव, स्रोतशिक्षक ध्रुवराज विष्टलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा २ नम्बर वडामा रहेका विभिन्न विद्यालयका अभिभावकको सहभागिता रहेको थियो ।

### यसपालि पनि काटियो प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान

# समानीकरण अनुदान कटौतीप्रति स्थानीय सरकारको विरोध

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/संघीय सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा समेत ८ दशमलव ५५ प्रतिशत बराबर वित्तीय समानीकरण अनुदान कटौती गर्ने भएको छ ।

अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई ४ जेठमा पत्र लेख्दै चालु आवको वित्तीय समानीकरण अनुदान कुल विनियोजनको ९१ दशमलब ४५ प्रतिशतमा नबढ्ने गरी मात्र हस्तान्तरण गर्न निर्देशन दिएको हो । सोहीअनुसार कार्यालयले कोष तथा लेखानियन्त्रक कार्यालयलाई निर्देश गरेको छ । कार्यालयकाअनुसार प्रदेश र स्थानीय तहलाई चौथो किस्ता हस्तान्तरण गर्दा यो किस्ताको २१ दशमलब ०२ प्रतिशत र कुल विनियोजनको ९१ दशमलब ४५ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्ने निर्णय अर्थ मन्त्रालयले गरेको हो ।



अर्थ मन्त्रालयले यसरी वित्तीय समानीकरण अनुदान कटौती गर्दा चैत महिनासम्म उठेको राजस्वलाई आधार मानेको छ । मन्त्रालयले लक्ष्यको ८४ दशमलब ११ प्रतिशत मात्र राजस्व संकलन भएको र सोहीअनुपातमा वित्तीय समानीकरण अनुदान कटौती गर्नु परेको तर्क गरेको छ । चालु आवमा सरकारले ७ प्रदेशको हकमा ६० अर्ब ६६ करोड र स्थानीय तहको हकमा ८८ अर्ब ९६ करोड गरी कुल १ खर्ब ४९ अर्ब ६२ लाख बराबर वित्तीय समानीकरण अनुदान विनियोजन गरेको छ ।

**विनियोजित अनुदान कटौती नगर : वित्त आयोग**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दै सरकारलाई विनियोजन अनुदान कटौती नहुने सुनिश्चित गर्न सुझाव दिएको छ ।

आयोगले भनेको छ, 'संघीय संसदबाट पारित बजेटमा समावेश भएको संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानवापतको रकम आर्थिक वर्षको बीचमा कुनै पनि अवस्थामा कट्टा नगरिने सुनिश्चित गरिनुका साथै पछिल्ला वर्षहरुमा बजेटको आकार वृद्धिको अनुपातमा यस्तो अनुदानको कुल परिमाण (सिलिङ) वृद्धि हुने प्रवन्ध गरिनु अत्यावश्यक देखिन्छ ।' निर्णयको गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघले संयुक्तरुपमा कडा आपत्ति प्रकट गरेका छन् । स्थानीय तहका दुई छाता संगठनले आन्दोलनको चेतावनी दिएका छन् । स्थानीय सरकारका प्रतिनिधिमूलक संस्थाले सरकारको यो कदमलाई वित्तीय संघीयताको मर्मविपरीत र स्थानीय तहको संवैधानिक अधिकार माथिको हस्तक्षेप बताएका छन् ।

यसको विरोधमा संघ, महासंघले वित्तीय समानीकरण अनुदान स्थानीय सरकारको संविधानप्रदत्त अधिकार मात्र नभई संघीयता कार्यान्वयनको अनिवार्य सर्त रहेको तर्क गर्दै आएका छन् । 'यस प्रकारको महत्वपूर्ण र संवेदनशील निर्णय गर्दा संघ, प्रदेश र स्थानीय सरकारका प्रतिनिधि रहेको राष्ट्रिय समन्वय परिषद् वा अन्तरसरकारी वित्त परिषद्मा परामर्श र समन्वय हुनुपर्नेमा एकलौटी ढंगले बजेट काटिनु न्यायसंगत छैन,' उनीहरुले सरकारको कदमको विरोध गर्दै भनेका छन् । समानीकरण अनुदानको सम्पूर्ण रकम बिनासर्त तत्काल निकासा गर्न माग गरिएको छ ।

# बजेट अधिवेशन जेठ ११ गतेको लागि सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/बागमती प्रदेश सरकारले प्रदेशसभाको बजेट अधिवेशन आह्वानको लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रि परिषद् बैठकले यही जेठ ११ गते बजेट अधिवेशन आह्वान गर्न प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष आह्वान गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिएका छन् । बजेट अधिवेशनमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत हुनेछ । त्यसैगरी मन्त्रालयको संख्या घटाइएपछि प्रशासनिक कार्यसम्पादनलाई व्यवस्थित बनाउन प्रदेश सरकारको कार्यविभाजन नियमावली संशोधन गर्ने निर्णय गरिएको छ ।

मन्त्रालयको नयाँ संरचनाअनुसार कुन मन्त्रालयले कुन क्षेत्रको जिम्मेवारी सम्हाल्ने भन्ने विषय स्पष्ट पार्न नियमावली संशोधन गर्न लागिएको हो । यसअघि वैशाख २२ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशमा कायम रहेको १४ मन्त्रालयलाई घटाएर ८ वटा कायम गर्न निर्णय गरेको थियो । प्रदेशमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय रहने छन् ।

यस्तै, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय कायम रहने छन् । बैठकले स्वास्थ्य क्षेत्रतर्फ दुई अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट (मेसु) पदस्थापन गरेको छ । भक्तपुर अस्पतालमा डा. त्रिलोचनचन्द्र झा र धादिङ अस्पतालमा डा. नवीन मासिठलाई मेसुका रुपमा पदस्थापन गरिएको प्रवक्ता तामाङले जानकारी दिए ।

# जुरिखेतमा ईभी दुर्घटना, ६ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरिखेत मोडस्थित भीमफेदी-कुलेखानी सडकखण्डमा बुधबार राति ईभी दुर्घटना हुँदा ६ जना घाइते भएका छन् ।


प्रहरीका अनुसार वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज १३७१ नम्बरको ईभी तीव्र गतिका कारण अनियन्त्रित भई सडकको बायाँतर्फको भित्तामा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनाका बेला गाडीमा चालकसहित ८ जना सवार रहेकामा ६ जना सामान्य घाइते भएका छन् । घाइतेमध्ये चालक हेटौंडा उपमहानगरपालिका-१ लालझाडी निवासी ३९ वर्षीय पूर्णबहादुर रुम्बा, तनहुँ बन्दीपुर नगरपालिका-९ निवासी ३८ वर्षीय मनोज गुरुङ, उनकी श्रीमती २८ वर्षीया उषा गुरुङ, धनुषाको मुखियापट्टी मुसहर मिया गाउँपालिका-४ निवासी ४१ वर्षीय विकास झा, भारत बिहार राज्य सितामढी जिल्लाका ३४ वर्षीय सोनु रौनिहार तथा उनकी श्रीमती २७ वर्षीया संगिता रौनिहार रहेका छन् । उनीहरुको छाती, निधार, हात तथा शरीरका विभिन्न भागमा सामान्य चोट लागेको प्रहरीले जनाएको छ । घाइते सबैलाई उपचारका लागि नेशनल अस्पताल, कलंकी काठमाडौं पठाइएको छ । दुर्घटनामा ईभीमा क्षति पुगेको भए पनि सडक अवरुद्ध नभएको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक सन्तकुमार श्रेष्ठको कमाण्डमा ट्राफिकसहित ५ सदस्यीय टोली घटनास्थलमा खटिएको थियो ।













साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना